Received Date: June 2023 Revised: July 2023 Accepted: Aug. 2023

# वि.सं. १९४२ देखि हालसम्मको सिंहसतलको अभिलेख

**जुनु बासुकला रञ्जितकार, पिएच.डी**
विभागीय प्रमुख
इतिहास तथा बौद्ध अध्ययन विभाग
त्रि. वि. पाटन संयुक्त क्याम्पस
Email: junu.basukala@pmc.tu.edu.np
DOI: 10.3126/hj.v14i2.59072

**सार**

*काष्ठमण्डप निर्माण भैसकेपछि बाँकी भएको काठबाट बनाएको भन्ने मानिएको सिँल्यं सतल वि.सं. १९२५ सालमा यस क्षेत्रमा भएको आगलागीका कारण क्षति भएपछि हर्षनारायण मानन्धरले भूमितल्लामा १८ वटा पसल कवल, पहिलो तल्लामा चारैतिर कौसी र दोस्रो तल्लामा बरण्डा राखेर तीन तल्लाको सतलको पुनर्निर्माण गरेका थिए । आफ्नो घर निर्माण गर्न जग खन्दा प्राप्त भएको मुरली बजाइरहेका गरुडासनमा बसेका ढुङ्गाको श्रीकृष्णको प्रतिमा सतलको दोस्रो तल्लामा स्थापना गरी दैनिक नित्यपूजा, पर्व पर्वको पूजा, धार्मिक वाचन गर्न, पूजारी चिताइदार र तहलुवालाई भत्ता दिन तथा ब्राह्मणहरूलाई भोजन खुवाउन पसल कवलबाट उठेको रकम प्रयोग गरिन्थ्यो भन्ने बाँकी भएको रकम श्री ५ को सरकार गुठी तहबिल अड्डामा बुझाइन्थ्यो । जोगमाया मानन्धरको परिवारले चार कुनामा ढलोटको सिंहहरू स्थापना गरेपछि सिँल्यं सतलबाट सिंहसतल नाम रहन गयो । हर्षनारायण मानन्धरका शाखा सन्तानले रेखदेख गर्दै आएको सिंहसतल वि.सं. २०२८ सालमा सतलको रेखदेख गर्ने विषयमा मैथिल ब्राह्मण दुर्गालाल झासँग झैझगडा भएकोले गुठि लगत तथा तहबिल कार्यालयले सर्जमिन गर्दा रेखदेख गरेको पाइएकोले वि.सं. २०३६ सालमा देविदास मानन्धरले सफाइ पाएको थियो । हाल मैथिल ब्राह्मण परिवारले श्रीकृष्णको दैनिक नित्यपूजा लगायत अन्य साँस्कृतिक कार्यहरू गर्दै आएका छन् । वि.सं. २०७२ सालको भूकम्पबाट सतलमा क्षति पुऱ्याएपछि गुठि संस्थानको स्वामित्वमा रहेको सतल पुरातत्त्व विभाग र नगरपालिकाको आर्थिक सहयोगमा जीर्णोद्धार गरिसकेपछि भूमितल्लामा हाल पर्यटकीय सूचना केन्द्रको कार्यालय राखेर पर्यटकको आरामस्थल बनाएको छ ।*

**शब्दकुञ्जिका :** काष्ठमण्डप, जीर्णोद्धार, पुनर्निर्माण, सिंहसतल, श्रीकृष्ण ।

## परिचय

सिंहसतल काठमाडौँ महानगरपालिका वडा नं. २० मरुटोलमा काष्ठमण्डपको दक्षिणतिर तीनतले भवन हो । यो भवनलाई डेढसय वर्षभन्दा अघिसम्म *सिँल्यं सतः* र हाल 'सिंहसतल' (चित्र नं. १) भनिन्छ । *सिँल्यं* भन्नाले नेपालभाषामा बाँकी भएको काठ हो । सतल भन्नाले यात्रीहरू बस्ने वासस्थान वा साधु र सन्तहरू केही लामो समयसम्म बिना पैसा वस्ने बासस्थान हो । स्थानीय बासिन्दा यो सतल काष्ठमण्डप निर्माण गरेपछि बाँकी रहेको काठबाट सतल बनाएकाले *सिँल्यं सतः* भनेर सम्बोधन गर्दछ । यो सतल वि.सं. १९८६ साल श्रावणकृष्णचतुर्थीका दिन काष्ठमण्डपका साहु हर्षनारायण मानन्धर, उनको जेठी धर्मपत्नी मयूजु लक्ष्मी, दोस्रो धर्मपत्नी जीवित, दिवंगत भएका तेस्रो धर्मपत्नी गणेश कुमारी, उनका छोरा दिवंगत विष्णुबहादुरका नाममा काष्ठमण्डप झोछेँ लायकूसाः बस्ने जोगमाया मानन्धर उनकी बुहारी हिरामाया, उनकी पुत्र कृष्ण बहादुरको धर्मपत्नी रत्नकुमारी, उनकी नन्द नारांदेवी सबै परिवार मिलेर नैऋत्यकोणमा सिंह, वायव्यकोणमा अग्निज्वाला, ईशानकोणमा गजकेशर र आग्नेयकोणमा शार्दूल स्थापना (परिशिष्ट १-४ हेर्नुहोस्) गरिसकेपछि *सिँल्यं सतः*बाट

सिंहसतलमा परिणत भयो । यो सतल कसले र कहिले स्थापना भएको हो भन्ने हालसम्म कुनै प्रामाणिक दस्तावेज पाइएको छैन । यस सतलको प्रारम्भिक वास्तु रूप कस्तो थियो र मौलिक रूपलाई नै निरन्तरता दिएको छ वा समयअनुसार परिवर्तन भएको छ पनि भन्न सक्ने कुनै आधार पाइएको छैन । यो सतल कसले, कहिले निर्माण गरिएको हो ? हाल यो सतल कसको अधीनमा रहेको छ? हाल यो सतल कुन प्रयोजनका लागि प्रयोग गरिएको छ ? यी विविध प्रश्नहरूको जवाफ यो पत्रले खोजिएको छ । यो पत्रले यस गौरवशाली सतल वास्तुको ऐतिहासिक दस्तावेज राख्न, पुरातात्त्विक र साँस्कृतिक महत्व दर्शाउन, यसको संरक्षण र सम्वर्द्धन गर्ने मूल उद्देश्य रहेको छ ।




चित्र नं. १
सिंहसतल

**अनुसन्धानविधि**

यो अध्ययन ऐतिहासिक विधिलाई अपनाएर राणाकालमा पुनर्निर्माण गरेदेखि हालसम्मको ऐतिहासिक विवरणहरूलाई प्रस्तुत गरिएको छ । यस अध्ययनमा गुणात्मक अनुसन्धान विधि र विवरणात्मक विधिलाई प्रयोग गरी ऐतिहासिक र पुरातात्त्विक हिसाबले महत्व रहेकोले सतलसँग सम्बद्ध रहेको ऐतिहासिक एवं पुरातात्त्विक दस्तावेजहरू, अप्रकाशित लिखित दस्तावेजहरू, अवलोकन र सम्बन्धित व्यक्तिहरूले विभिन्न समयमा गरिएका क्रियाकलापलाई पनि जानकारी दिइएको छ । यस लेखमा ऐतिहासिकता, पुरातात्त्विक महत्व दर्शाउन उपलब्ध भएका शिलालेखहरू, अप्रकाशित दस्तावेजहरू, लेखक आफैँले अवलोकन गर्नुका साथै सम्बन्धित व्यक्तिहरूसँग असंरचित प्रश्नावलीको प्रयोग गरेर सूचनाहरू संकलन गरिएको र प्रमाणका लागि फोटोहरू समेत समावेश गरी प्राथमिक स्रोतहरू प्रयोग गरिएको छ । द्वितीय स्रोतको रूपमा प्रकाशित पुस्तक र लेखहरूको आधारमा पनि संकलन गरिएको छ ।

**विषयवस्तु**

स्थानीयको जनविश्वासअनुसार काष्ठमण्डपको निर्माण भैसकेपछि बाँकी भएको काठबाट यो सतल निर्माण भएको मानिन्छ । काष्ठमण्डप बनाएको बाँकी भएको काठले निर्माण गरिएको भएर स्थानीय वासिन्दाले

*सिँल्यं सतः* भनिनेबाट पनि यस कुरालाई टेवा दिन्छ । यो सतल पनि काष्ठमण्डपको स्थापना गरेको वर्ष वा एक वर्षपछि निर्माण भएको देखिन्छ । वि.सं. २०७३ सालमा नेपालको पुरातत्त्व विभाग र बेलायतको दुरहम विश्वविद्यालयले संयुक्त रूपमा गरेको उत्खनन्बाट काष्ठमण्डप सातौं शताब्दीको भएको प्रमाणित गरेको छ ( कनिंघम र अरुहरू, २०१६) । त्यसैले स्थानीय जनविश्वासको आधारमा लियौं भने यो सिंहसतल पनि सातौं शताब्दीमा बनेको देखिन्छ । तर यो सतल कस्तो थियो भन्ने कुनै आधिकारिक प्रमाण भने पाइएन । सतल तीन किसिमका दुइतले पाटी शैली, मण्डप शैली र नेवार घर शैलीका छन् (कर्न, १९९८) । गौतमवज्र वज्राचार्य ( वि.सं. २०३३)ले यो सतल काष्ठमण्डप जस्तै सतल पाटीको निर्माण विधिअनुसार बनेको छ उल्लेख गरेका छन् । तर यो सतल दुइ तल्ले पाटी शैलीमा निर्माण भएको देखिंदैन । यो सतल मण्डप शैली र नेवाः घर शैलीमा पनि देखिंदैन । यसको पुनर्निर्माण मरु तहबिलका धर्मनारायण मानन्धरका छोरा हर्षनारायण मानन्धरले गरेको वंशावलीहरूमा उल्लेख छन् । मोहनीविनोद शर्माले संग्रह गरेको वंशावलीमा वि.सं. १९२० मा सुब्बा धर्मनारायण साल्मी (मानन्धर)को घरमा आगलागी भई नयाँ घर बनाउन जग खन्दा पाइएको गरुडनारायणको मूर्ति यस सतलमा स्थापना गरेको उल्लेख छ (वज्राचार्य, वि.सं.२०३३) । त्यस्तै नेपाल देशको इतिहास (वि.सं. २०३१) मा उल्लेख भएअनुसार

> *वि.सं. १९२५ साल चैत्र वदि १० का राती १४।१५ घडीको समयमा अट्कोनारायण टोलमा अग्नि प्रवेश भई साहु धर्मनारायणको घरसमेत जल्दा आमजनमानिसले सहयागे गर्दा पनि आगो निभेन र जगसम्म नै जल्यो । यस आगोले तेह्र महिनासम्म पनि निभेन । यस आगलागिबाट धेरै धनदौलत, असबाफ र बहि पत्रहरू पनि धेरै नष्ट भयो । त्यस आगलागिबाट बुइगलमा सुतिरहेका एक मानन्धर पनि मरे । त्यसबेला जङ्गबहादुर सवारी भई ठूलो खातिरसँग तत्चलाई व्यवहार र बन्दोबस्त गर्न चाहिने धन दिन्छु भनी लाख रुपियाँ बकस दिए । त्यसबाट आफ्नो ठाँट र तखत अघिकै जस्तो थामी घर बनाउन जग खन्दा ढुङ्गाको श्रीकृष्णको मूर्ति पाइयो र सिंहसतलमा स्थापना गरिदिए । साहु धर्मनारायण मानन्धर मरेको हुनाले उनका जेठा छोरा हर्षनारायणले ती श्रीकृष्णलाई बहुतै मानी गुठी र जग्गा र धनसमेत प्रशस्त राखिदिए ।*

यसरी दुईवटा वंशावली मात्र नभई वि.सं. १९८१ को श्री ५ को सरकारतर्फ गुठी लगत अडा काठमाडौं सिंहसतल गुठीको आम्दानी खर्चको किताबअनुसार यो सिंहसतल कुबेरसिं मानन्धरको नाममा रहेको वि.सं. १९४२ मा सिंहसतल भत्केर जीर्ण भएकोले हर्षनारायण मानन्धरले आफ्नो घरघरानाबाट खर्च गरी जगदेखि बनाएको उल्लेख छ (परिशिष्ट ५ हेर्नुहोस्) । यी विभिन्न स्रोतहरूको आधारमा धर्मनारायण मानन्धरको घरमा आगलागी भई नयाँ बनाउन जग खन्दा भेटिएको गरुडनारायण मूर्ति सतलमा हर्ष नारायण मानन्धरले स्थापना गरेको मिल्न आउँछ । तर मितिहरू भन्ने फरक फरक हुन आयो । सिंहसतल गुठीको आम्दानी खर्चको किताबअनुसार उनले जगैदेखि सतल निर्माण गर्ने क्रममा १८ वटा पसल कवल, पहिलो तल्लामा चारैतिर कौसी र दोस्रो तल्लामा चारैतिर बार्दली बनाएर सतलको स्वरूप फेरियो । कौसी र बार्दलीबाट स्थानीय वासिन्दा बसेर जनबहालको जात्रा, गाईजात्रा र कुमारी यात्रा हेर्न सकिने पनि भयो । उनले पुनर्निर्माण गरेको सतलको पसल कवलबाट वर्षको २२२।- (दुइ सय बाइस रुपैयाँ मात्र) उठाएर अशोक गणेश र नारायण देवताहरूको लेखेबमोजिम नित्यपूजा, पर्व पर्वमा गरिने पूजा, पूजारी, चिताइदार, तहलुवालाई तोकिएको रकम दिंदै आएको पनि उल्लेख छ । कृष्णाष्टमीका अवसरमा पाठ पूजा गरी भजन समेत गर्दथे । हर्षनारायण मानन्धरले वि. सं. १९२६ सालमा भजनको लागि चित्रसहितको भजन ४०० पृष्ठहरू रहेको ग्रन्थ पनि तयार गर्न लगाएका थिए ।

ग्रन्थको गातामा सुनौलो अक्षरले श्री हरिकृष्ण नारायण सिंहसतल भजन स्थान श्री साहु हर्षनारायणले स्थापीत्कीया सम्वत १९२६ साल लेखिएको छ । ग्रन्थको बीच बीचमा चित्र र चित्रमा सुन समेत प्रयोग गरेको पाइन्छ । यस सतलमा पहिला भजन कीर्तन चलन नभएको देखिन्छ । वि.सं. १९३१ सालमा स्थानीय विष्णुलालको घरमा हुने भजन कीर्तन यस सतलमा सारेदेखि नियमित रूपमा यहाँ भजन कीर्तन गरिँदै आएको छ (झा, वि.सं. २०७६) । यो भजन मण्डलीलाई पियानो, हर्मोनियम र तबलालगायत अन्य वाद्यसमामग्री सिक्नको लागि केही व्यक्तिलाई कलकतामा पनि पठाएको थियो (पंगेनी, वि.सं. २०६८) ।


चित्र नं २


चित्र नं ३


चित्र नं ४


चित्र नं ५

चित्र नं. २ शार्दुल चित्र नं. ३ सिंह चित्र नं. ४ अग्निज्वाला चित्र नं. ५ गजकेशर

वि.सं. १९८६ साल श्रावणकृष्णचतुर्थीका दिन काष्ठमण्डपका साहु हर्षनारायण मानन्धर, उनको जेठी धर्मपत्नी मयजुलक्ष्मी, दोस्रो धर्मपत्नी जीवित मानिथकुं, दिवंगत भएका तेस्रो धर्मपत्नी गणेश कुमारी, उनकी छोरा दिवंगत भएका विष्णुबहादुरका नाममा काष्ठमण्डप झोछेँ लाय्कूसाः बस्ने जोगमाया मानन्धर, उनकी बुहारी हिरामाया, उनकी पुत्र कृष्णबहादुरको धर्मपत्नी रत्नकुमारी, उनकी नन्द नारांदेवी सबै परिवार मिली आग्नेयकोणमा शार्दूल (फोटो नं. २), नैऋत्यकोणमा सिंह(फोटो नं. ३), वायव्यकोणमा अग्निज्वाला(फोटो नं. ४) र ईशानकोणमा गजकेशर (फोटो नं. ५) स्थापना ( परिशिष्ट १, २, ३ र ४ हेनुहोस्) गरिसकेपछि *सिँल्यं सतः*बाट सिंहसतलमा परिणत भयो । यो सतलको आग्नेय, नैऋत्य, वायव्य र ईशानकोणहरूमा स्थापना गरिएका चारै वटा ताम्रपत्रका १६ औं लाइनहरूमा सिंहसतल उल्लेख छन् । त्यसकारण वि.सं.१९८६ सालदेखि मात्र यो सतलको नाम सिंहसतल भएको पुष्टी गर्दछ । सोही समयमा उनले आफ्ना दिवंगत बुबा हर्षनारायणको नाममा कृष्णलाई घुँडा टेकेर नमस्कारमुद्रा गरिरहेको हर्षनारायणको शालिक स्थापना गरिन् । सो मूर्तिको फलकको दक्षिणमा 'श्री हरिकृष्ण शरणं दिवंग', उत्तर फलकमा 'त साहु हर्षनारा' र पूर्व फलकमा 'न् सम्वत् १९८६ स' मिति उल्लेख छ (परिशिष्ट ६ हेर्नुहोस्) । यसबाट सो शालिक हर्षनारायण मानन्धरको भएको पुष्टी गर्छ । सो मूर्तिसँगै एक सानो शालिक स्थापना गरिएको छ । सायद त्यो शालिक जोगमायाकै दिवंगत छोरा विष्णुबहादुरको हुन सक्छ । तिनै जोगमायाले गजूर पनि निर्माण गरी स्थापना गराएकी थिइन् (झा, वि.सं. २०७६, १०) ।

सिंहसतल गुठीको आम्दानी खर्चको किताबअनुसार वि.सं. १९९१ साल फागुण ७ गतेका दिन कुबेर सिंको मृत्यु भैसकेकोले उनको नाममा रहेको सुब्बा गणेशदास मानन्धरको नाउँमा राख्न निवेदन दिएअनुसार हर्षनारायण मानन्धरले सतल पुनर्निर्माण गरिसकेपछि पसलकवलबाट उठेको रकमबाट अशोक गणेश र नारायण देवताहरूको लेखेबमोजिम नित्यपूजा, पर्व पर्वमा गरिने पूजा, पूजारी, चिताइदार, तहलुवालाई तोकिएको रकमको सूची समेत दिई धर्म चलाउनु पर्ने उर्दी दिएको छ । यदि सो अनुसार नभएमा सजायसमेत हुने उल्लेख छ ( परिशिष्ट ५ हेर्नुहोस्) । यसबाट यो सतलको पसलबाट उठेको रकम सुब्बा गणेशदास मानन्धरलाई नै जिम्मा दिई

लालमोहर दिएको पाइन्छ । सो सतलमा १८ वटा पसल भएकोमा पछि एउटा पसललाई अर्को एक पसलमा गाभेपछि १७ वटा पसल भयो । उक्त पसल भाँडाबाट सतलको नारायण र गणेश देवताहरूको पूजा, नित्यपूजा, आरती, भजन र कृष्णाष्टमी पूजा गर्नका लागि; पूजारी, चिताइदार र तहलुवालाई भत्ता दिन तथा ब्राह्मणहरूलाई भोजन खुवाउन प्रयोग गरिन्छ ।

त्यस समय १७ वटा पसलकवलको आम्दानी २२३।- देखिन्छ । यसबेला गुठी जाँच अड्डाले किताबमा लेखिएको बमोजिम खर्च गरेको नगरेको जाँच गर्न सरकारको तर्फबाट लागत किताब बनाई गुठीमा बुझाउन खरिदार दीर्घमान जोशी यट्खा र मुखिया रामबहादुर श्रेष्ठ छेत्रपाटी मार्फतको लागि व्यवस्था गरेको उल्लेख छ । गणेशदास मानन्धरको मृत्युपछि उनका जेठा छोरा देवीदास मानन्धरलाई जिम्मा दिएको वि.सं. २००६ सालमा जारी गरेको सनदपत्रमा उल्लेख छ (परिशिष्ट ७ हेनुहोस् ⁄ पंगेनी, वि.सं. २०६८, ४३) । यही सनदपत्रमा गणेशदास मानन्धरको समयसम्म १७ वटा पसल कवलबाट वार्षिक रु.२२३।- आम्दनी भएकोमा देवीदासको समयसम्म आइपुग्दा पसलहरूबाट वार्षिक रु. ९४२।- आम्दानी भएको देखाउँछ । पहिला रु. २२३।- खर्च हुँदै आएको बढेर रु. ६२४⁄६८ पुग्यो । आम्दानीभन्दा खर्च कम भएकाले प्रत्येक वर्षको आम्दानीमध्ये रु. ३१७⁄३२ वचत श्री ५ को सरकार गुठी तहबिल अड्डामा बुझाउने गरियो ।

माधुरी मानन्धरसँग संग्रहमा रहेको वि.सं. २०११ सालको अप्रकाशित कागजपत्र लेखकले अध्ययन गर्दा पूजारी दुर्गालाल मानन्धर, चिताइदार ब्रह्मलाल झा र तावेदार देविदास मानन्धर भएको लेखिएको छ । दुर्गालाल मानन्धर र देविदास मानन्धरले आफ्नो जिम्मामा रहेको गणेश, नृत्येश्वर र नारायण देवताहरूको पूजा नगरेको भन्ने गुठी लगत तथा तहबिल कार्यालयमा आरोप लगाएको पत्र पेश गरेको पत्रहरू पनि माधुरी मानन्धरको संग्रहमा छन् । वि.सं. २०२८ साल बैशाख २८ गते देवीदासले आफूले नै दुर्गालाल झालाई पूजारी राखेको तर आफूलाई नै दोष लगाएको भनेर विन्ती पत्र चढाएको पनि कागजपत्रहरू छन् । यसबाट देवीदास मानन्धर र मैथिल ब्राह्मणबीच झैझगडा भएको कागजपत्रहरूले प्रमाणित गरेको छ । वि.सं. २०२९ सालमा देवीदास मानन्धरले सिंहसतल मर्मत सम्भार गर्न गुठी लागत तथा तहबिल कार्यालयलाई ३०००।- (तीन हजार रुपैयाँ मात्र) माग गरेको तर २०३१ सालमा मर्मत गरेको खर्च ३९९५।- (तीन हजार नौ सय पन्चानब्बे रुपैयाँ मात्र) लागेको विस्तृत जानकारी भएको हिसाबका कागजपत्रहरू पनि माधुरी मानन्धरको संग्रहमा रहेको छ ।

दुर्गालाल झाले देवीदासलाई सिंहसतल रेखदेख नगरेको आरोपको रिपोर्ट राखेको आधारमा गुठी लागत तथा तहबिल कार्यालयले सर्जमिन गर्दा रेखदेख गरेको पाइएकोले वि.सं. २०३६ सालमा सफाइ दिएको कागजपत्रहरू पनि माधुरी मानन्धरसँग सुरक्षित रहेको छ । ती कागजपत्रहरूको आधारमा वि.सं. २०३६ सालसम्म पनि धर्मनारायण मानन्धरका सन्ततिहरूको जिम्मामा सिंहसतल रहेको देखाउँछ । सिंहसतलमा रहेका पसलहरूबाट हुने आम्दानी गुठी संस्थानमा जम्मा हुने र सिंहसतलका देवताहरू पूजा गर्ने व्यवस्था गुठी संस्थानबाट नै सञ्चालन हुने गरेको छ । गुठी संस्थानले पूजा गर्ने व्यवस्था गरे पनि धर्मनारायण मानन्धरका नाति र पनातिहरूले सिंहसतलमा गरिने पूजा परम्परालाई निरन्तरता भन्ने दिइरहेका छन् ।

सिंहसतलमा मैथिल ब्राह्मणहरू कहिलेदेखि पूजारी भयो भन्ने एकिन नभए पनि २०११ सालदेखि भन्ने मैथिल ब्राह्मण ब्रह्मलाल झा चिताइदार भएको देखिन्छ । उनीभन्दाअघि पनि मैथिल ब्राह्मण चिताइदार थियो वा थिएन भन्ने कुनै दस्तावेजहरू पाउन सकिएन । ब्रह्मलाल झा पछिको मैथिल ब्राह्मण थियो कि थिएन भन्ने पनि जान्न सकिएन । तर उदयगोपाल झाका अनुसार उनीभन्दा अघि मधुलाल झा, चन्द्ररमण झा, हितनन्द झा सिंहसतलका पूजारी भएको बताएका छन् । वि.सं. २०६६ सालदेखि आफू सिंहसतलको पूजारी रहेको बताएका

छन् । उनका अनुसार पूजारीको मासिक पारिश्रमिक पहिला गुथि संस्थानबाट पहिला १००।- (सय रुपैयाँ मात्र) दिइन्थ्यो र हाल मासिक पारिश्रमिक २०००।- (दुइ हजार रुपैयाँ मात्र), काठमाडौँ महानगरपालिका हनुमानढोका दरबार संरक्षण कार्यक्रमले मासिक ५०००।- (पाँच हजार रुपैयाँ मात्र) पाउने गरेको दैनिक नित्यपूजा र साँझ आरतीको लागि मासिक ५००।- (पाँचसय रुपैयाँ मात्र) पाउँदै आएको जानकारी दिएका छन् (उदयगोपाल झा, *अन्तर्वार्ता*, वि.सं. २०७६/१०/०६) । उनका अनुसार वि.सं. २०७२ सालको महाभूकम्पका कारण सिंहसतल जीर्ण भएपछि भजन क्रियाकलापहरू रोकिएको बताएका छन् ।

वि.सं. २०७२ बैशाख १२ र २९ गतेको महाभूकम्पले यस सिंहसतलमा पनि क्षति पुऱ्यायो । सो क्षति भएको सिंहसतललाई काठमाडौँ महानगरपालिका र गुठी संस्थानको सहयोगमा ११९९६३५९।०७ (एक करोड उन्नाइस लाख, छयानब्बे हजार तीन सय उनान्साठी रुपैयाँ सात पैसा मात्र) भ्याट वाहेक तीन वर्ष लगाएर पुनर्निर्माण गरियो (अमित बज्राचार्य, *अन्तर्वार्ता*, वि.सं. २०७६/१०/१७० । सो निर्माण सम्पन्न भएपछि सिंहसतलको पहिलो तल्ला र दोस्रो तल्लामा काष्ठमण्डप पुनर्निर्माणको केही समयका लागि सरसामान राख्न र इन्जिनियरिङ काम गर्नको लागि प्रयोगमा लियो । हाल काठमाडौँ महानगरपालिकाले गुठी संस्थानलाई करीव ५,००,०००।- (पाँच लाख रुपैयाँ मात्र)को हाराहारीमा बहाल तिर्दै आएको छ । हाल काठमाडौँ महानगरपालिकाले सो सिंहसतलको भूईंतल्लालाई पर्यटन सूचना केन्द्रको लागि प्रयोग गर्ने योजना राखिएको छ ।

## सिंहसतलको वास्तुकला

सिंहसतलको भुइँतलामा चारैतिर स्तम्भ गाडिएका छन् । ती स्तम्भमाथि दोस्रो तलामा बनेको कौसीको छाना अडेको छ । आजभोलि स्तम्भले घेरिएको त्यस भवनको भुइँतलामा चारैतिर विभिन्न पसल थापिएका छन् । स्तम्भपछाडि मूल गारो बनेको छ । भवनको मध्य भागमा ठूल्ठूला स्तम्भ हाली दोस्रो तलाको भार मुख्यतया त्यसमाथि अडचाइएको छ । पहिलो तल्ला खुल्ला कोठा छ । यस कोठाको बाहिर कौसी बनाएको छ । दोस्रो तल्लामा पूर्वतिर गर्भगृह छ; जहाँ श्रीकृष्ण स्थापना गरिएको छ । गर्भगृहको ठीक सामुन्ने पश्चितिर ढुङ्गाको गरुड, गरुडलाई सुन जलप लगाएको फूलका पातका लहराको तोरण पनि छ । गरुडको अगाडि हर्षनारायण मानन्धरको शालिक र अर्को सानो अभिलेख नभएको शालिक छ । यस तल्लामा दुइवटा ढुङ्गाका शिलालेख पनि पाएका छन् । यही तल्लाको बाहिर चारैतिर काठको बरण्डाको चार कुनामा सुन जलप लगाएका आग्नेयकोणमा शार्दूल, नैऋत्यकोणमा सिंह, वायव्यकोणमा अग्निज्वाला र ईशानकोणमा गजकेशर स्थापना गरिएका छन् । पहिलो तल्लामा केही र तेस्रो तल्लामा झिंगटी छन् । झिंगटी अड्याउन र काठको बार्दली अड्याउन राखेका टुँडालहरू सादा आकारका छन् ।

## श्रीकृष्णको प्रतिमालक्षण

एक मुख चाँदी टाँसिएको दुई आँखा भएका, चार हात भएका, मूल दुइ हात मुरली बजाइरको, बाँकी भएका दायाँ हातले चक्र र बायाँ हातले शङ्ख समाएका, शिरमा किरिटमुकुट, कानमा नागकुण्डल, घाँटीमा तक्षक नागको ग्रैवेयक र वैजयन्तीमाला, पाखुरामा केयूर, हातमा बाला र पाउमा कल्ली लगाएका, शरीरको माथिल्लो भाग निर्वस्त्र तर दुवै काँधमा उत्तरीय र तल्लो भागमा धोती लगाएका, दक्षिणावर्त कपाल भएको, कानमा नागकुण्डल, घाँटीमा तक्षक नागको ग्रैवेयक, हातमा कंकण लगाएका, दुवै हात फिँजाएर गरुडासनमा बसेका ढुङ्गाको श्रीकृष्णको प्रतिमा छ (फोटो नं. ६) । यो



चित्र नं ६ - श्रीकृष्ण

प्रतिमालाई वंशीधर पनि भनिन्छ । यो प्रतिमाको तोरणमा चारैतिर नौवटा गणहरू पनि कुँदिएका छन् । ढुङ्गाको फलकलाई ढाक्ने गरी सुन जलप लगाएको सातवटा फणा भएको नाग राखिएको छ । गौत्तमवज्र वज्राचार्य (२०३३)ले यो मूर्ति मूर्तिकलाको दृष्टिले दुई शताब्दीभन्दा पुरानो नभएको उल्लेख गरेका छन् । त्यस्तै दायाँ बायाँ सुन जलप लगाएको कलशमा फूल र पातका तोरण राखिएको छ । सो तोरण वि.सं. १९४५ मा दिंवगत भएका हर्षनारायणको नाउमा तोरण राखेको उल्लेख छ । मूल श्रीकृष्णको प्रतिमाकै मुनि दायाँ हात्तीको मुख भएका, सुँढ बायाँ फर्केका, ६ हात भएका, माथिल्ला दुई हातमध्ये दायाँ हातले जपमाला, बायाँ हातले परशु समाएका, बीचका दुइ हातमध्ये दायाँ हात वरदमुद्रामा, बायाँ हात अभयमुद्रामा र सबभन्दा तल्लो हातमध्ये दायाँ हातले मुला र बायाँ हातले लड्डुसहितको पात्र समाएका, शिरमा किरीटमुकुट, घाँटीमा ग्रैवेयक, हातमा कंकण, पाखुरामा केयूर, पाउमा कल्ली, पद्मासनमाथि रजलीलासनमा बसेका गणेशको प्रतिमा र बायाँ मूल श्रीकृष्णको देवताको हुबुहु प्रतिरूप तर आकार मात्र सानो भएका श्रीकृष्णको प्रतिमा छ ।

गर्भगृहमा सुन जलप लगाएको ११ वटा फणा भएको नागको आसन छ । सोही आसनको अगाडि शिरमा टोपी लगाएको, घाँटीमा ग्रैवेयक र हातमा कंकण लगाएका, दौरा सुरुवाल लगाएका, दायाँ काँधको मुनिबाट उत्तरीय लगाएका, दुवै हात नमस्कारमुद्रामा दुई फलकमाथि दुवै घुँडा टेकेर बसेका दाताको शालिक छ । सो सालिकपछाडि बत्ती बाल्न मिल्ने गरी पाँचवटा बत्ती पनि बनाएको छ । यो शालिक कसको हो भने छुट्याउन नसके पनि सायद यो मूर्ति पनि हर्ष नारायण मानन्धरको हुन सक्छ ।

कृष्ण प्रतिमाको ठीक सीधा हुने गरी गर्भगृह बाहिर भऱ्याङ्ग नजीकै एक मुख भएका, दुई हात भएका, दुवै हातले नमस्कार गरिरहेका, कानमा नागकुण्डल, घाँटीमा नागहार, पाखुरामा केयूर, हातमा कंकण, पाउमा कल्ली, शरीरको माथिल्लो भाग नग्न, शरीरको तल्लो भागमा लुगा लगाएका, दायाँपट्टिका घुँडाले भुँइ टेकेका र बायाँपट्टिका घुँडा उठाएर फलकमाथि बसेका, पखेटासहितका मानवरूपी गरुड छ । गरुडलाई बीचमा पारेर सुन जलप लगाएको अग्लो तोरण पनि छ । गरुडको दायाँपट्टि टोपी लगाएका, दौरा सुरुवाल लगाएका, दुवै हात नमस्कारमुद्रा गरी दुवै घुँडा टेकिरहेका हर्षनारायणको ढलौटको शालिक छ । सो शालिकसँग जोडिएर बत्ती बाल्ने पनि राखिएको छ । त्यस्तै यस शालिकको बायाँ र गरुडको ठीक अगाडि सानो आकारमा सोही शालिक जस्तै सानो ढलौटको शालिक छ । यस शालिकमा पनि बत्ती जोडिएको छ ।

**सांस्कृतिक क्रियाकलाप**

कृष्णाष्टमीका दिन होम, भजन कीर्तनको आयोजना र प्रसाद वितरण गरिन्छ । हाल सो दिनमा वडा नं. १९, २०, २३ र २४ का जनप्रतिनिधिहरू, स्थानीय वासिन्दा र कृष्णका भक्तालुहरू सहभागी हुन्छन् । त्यसपछि साँझ कृष्णको जात्रा सिंहसतल, भेडासिं, प्याफल, नरदेवी, किलागल, इन्द्रचोक, मखन, हनूमान्ढोका, मरु, कुमारी घरको मोहडा अगाडिबाट अट्कोनारायण, चिकंमुगल, जैसीदेवल, कोहिटी, भिद्यः हुँदै मरुमै सम्पन्न गरिन्छ । यस यात्राका लागि सिंहसतलका पूजारीले बाजागाजा बजाउन लगनटोलका शाक्य र नरदेवीका ज्यापुहरूलाई निमन्त्रणा गर्ने गरेको गरिन्छ (उदयनारायण झा, अन्तवार्ता, वि.सं. २०७६/१०/०६) । कृष्णाष्टमीको ६ दिनपछि विधिविधानपूर्वक पूजा, होम आदि गरेर छैठी गरिन्छ । छैठी मैथिल परम्पराअनुसार श्रीकृष्णलाई तेल लगाउने गरिन्छ । हरेक एकादशीका दिन, हरिशयनी र हरिबोधिनीका दिनहरूमा पूजाआजा, रास भजन, स्तुति भजन, कीर्तन र निर्गुण भजन कीर्तन गरी प्रसाद वितरण गरिन्छ । महाशिवरात्रीको दिन रातभरि र पुरुषोत्तम महिनाभरि एक महिनासम्म नै भजन कीर्तन गरिन्छ ।

यस सिंहसतलमा दुइवटा ढुङ्गाको वि.सं. १९४२ र १९४७ का शिलालेख छन् । वि.सं. १९४२ आषाढशुक्लअष्टमीका दिन पोडे टोल वमाछे बस्ने हर्षमिजु लक्ष्मी, प्राण नारायण, विष्णु माया, शिवदास, निरकुमारी, हरिदास, हरिमाया, रत्नकुमारी र छेत्रकुमारीहरूले स्वर्गीय दिव्य वाचा वैकुण्ठ प्राप्ति होस् भनी कामना गरी सूर्य नारायण र राधाकृष्णको मूर्ति स्थापना गरी केही जग्गा दत्त राखेको र पितृहरूको नाममा भावपूजा गर्नुपर्ने उल्लेख छ । त्यस्तै सोही परिवारले वि.सं. १९४७ श्रावणशुक्लअष्टमीका दिनमा राधाकृष्णको वर्षवन्धन गरी नातिहरूलाई अविछिन्न रूपमा भोजन गराउनु पर्ने उल्लेख छ । यी दुवै शिलालेखमा राधाकृष्णको स्थापना र वर्षवन्धनको कुरा उल्लेख भएकोले यस सिंहसतलमा कुनै पनि राधाकृष्णको मूर्ति नपाइएकोले अरु कुनै स्थानको राधाकृष्ण मन्दिरको शिलालेख यहाँ परेको जस्तो देखिन्छ । कहाँको राधाकृष्ण हो, सो बारे पनि यी दुवै शिलालेखले देखाउँदैन । त्यसैले यी दुवै शिलालेख सिंहसतलसँग सम्बन्धित भएन ।

## निचोड

सिंहसतलको मौलिक वास्तु संरचना कस्तो थियो भन्ने कुनै दस्तावेज पाइएन । सतलको नाम स्थानीहरूले *सिल्यँ* भनिनेबाट काष्मण्डप जतिकै पुरानो मान्न सकिन्छ । सतल भत्केर जीर्ण भएकोले वि.सं. १९४२ सालमा हर्षनारायण मानन्धरले वर्तमान शैलीमा सतल पुनर्निर्माण गरिएको हो । वि.सं. १९८६ मा सतलको चारकुनामा धलौटका सिंहहरू स्थापना गरेपछि *सिल्यँ सत:*बाट सिंहसतल प्रचलित भएको हो । हर्षनारायण मानन्धरले सतलमा कृष्णको मूर्ति स्थापना गरेपछि मन्दिरमा जस्तै दैनिक नित्य पूजा भैरहेको छ । हर्षनारायण मानन्धरहरूको परिवारले सतल पुनर्निर्माणको लागि योगदान गरे पनि हाल मानन्धरहरूले रेखदेख गर्ने नभई मैथिल ब्राह्मणले नित्यपूजा गर्दै आएको छ ।

## निष्कर्ष

सतल भन्नाले यात्रीहरू बस्ने वासस्थान वा साधु सन्तहरू केही लामो समयसम्मका लागि बिना पैसामा वास बस्ने वास्तु हो । सतल तीन किसिमका दुईतले पाटी शैली, मण्डप शैली र नेवार घर शैलीको हुने गरे पनि यो सतल यी तीनै किसिमको वास्तु शैलीमा पाइँदैन । जनविश्वासअनुसार काष्ठमण्डप बनाएको बाँकी भएको काठले बनाइएकोले यो सतल पनि काठै काठको मण्डप सतल हुनसक्छ (रञ्जितकार, वि.सं.२०७८) । हालसालैको काष्ठमण्डपको उत्खनन्बाट काष्ठमण्डप सातौं शताब्दीको भएको प्रमाणित गरेकोले यो सतल पनि सातौं शताब्दीको मान्न सकिन्छ । तर कुनै प्रामाणिक दस्तावेज नपाइएकोले सातौं शताब्दीमै निर्माण भएको भन्न गाह्रो छ । सतल भत्केर जीर्ण भएकोले वि.सं. १९४२ सालमा पुनर्निर्माण गरिएको वास्तु संरचना नै अहिले सम्मकै पुरानो वास्तु शैली हो । २०७२ सालको महाभूकम्पले क्षति पुऱ्याएपछि जीर्णोद्धार गर्दा सोही वास्तु शैलीलाई नै निरन्तरता दिएको छ । सतल भन्ने पनि कृष्ण स्थापना गरेकाले सतलको प्रयोजन नभई मन्दिर जस्तै हुन गएको छ । सतललाई विना पैसामा यात्रुहरूको वासस्थान हुनु पर्नेमा पसल कवलहरू राखिएर व्यापार गर्न दिए पनि हाल पसल कवलहरू यथावत रूपमा रहे पनि व्यापार गर्न दिइएको छैन । हाल माथि मन्दिरको रूपमा रहे पनि भूमीतल्लामा पर्यटक सूचना केन्द्र कार्यालय राखी पर्यटकहरूका लागि विश्राम स्थलको लागि प्रयोग गरिएकोले कम समयका लागि यात्रुको आरामस्थल गर्ने वास्तुको रूपमा पुनर्जिवित भएको छ ।

## परिशिष्ट १



श्री

श्री हरि कृष्णाय ॥

श्री ५ सर्कारकी जय ॥ श्री ३ सर्कारकी जय ॥
अद्यत्यादि ॥ ॥ शुभ संवत् १९८६ साल
श्रावणकृष्णचतुर्थी वृहस्पतिवार एतत् दिने ॥
काष्टमण्डपस्थानेवस्थित दिवंगत साहु हर्षना
रान् मानन्धर तस्य ज्येष्ट पत्नी मयजुलक्ष्मी
द्वितीय पत्नी सजीव मानिथकुं तृतीय पत्नी दि
वंगत गणेशकुमारी तस्या पुत्री सजीव जोग
माया तस्या पुत्र दिवंगत विश्नुवहादुर तस्य
नाम्ना ॥ ॥ दानपति सजीव काष्टमण्डप भोछे ला
यकुसावस्थित साहुनी जोगमाया मानन्धरी त
स्या पुत्र पत्नी हिरामाया तस्या पुत्र कृश्नवहादुर त
स्य पत्नी रत्नकुमारी तस्या भर्तु ज्येष्ट भगिनी
नारांदेवी प्रभृति सकल जनपरिवारस्य ध
र्म्मचित्तेन तत पुत्र विश्नुवहादुर नाम्ना सिंह
सतल, मणिडरेचतुष्कोणेषु सुवर्ण लेपित सिं
ह निर्म्माय प्रीत्यर्थ स्थापितम् ॥१॥ ॥
यतत् पुरायेन जगत् संसार उद्धार कामनार्थम्
यतो धर्म्म ततो जय ॥ शुभम् ॥ ॥ ॥

## परिशिष्ट २



श्री

श्री हरि कृश्णाय ॥

श्री ५ सर्कारकी जय ॥ श्री ३ सर्कारकी जय ॥
अद्यत्यादि ॥ ॥ शुभ संवत् १९८६ साल
श्रावणकृष्णचतुर्थी वृहस्पतिवार एतत् दिने ॥
काष्टमण्डपस्थानेवस्थित दिवंगत साहु हर्षना
रान् मानन्धर तस्य ज्येष्ट पत्नी मयजुलक्ष्मी
द्वितीय पत्नी सजीव मानिथकुं तृतीय पत्नी दि
वंगत गणेशकुमारी तस्या पुत्री सजीव जोग
माया तस्या पुत्र दिवंगत विश्नुवहादुर तस्य
नाम्ना ॥ ॥ दानपति सजीव काष्टमण्डप भोछे ला
यकुसावस्थित साहुनी जोगमाया मानन्धरी त
स्या पुत्र पत्नी हिरामाया तस्या पुत्र कृश्नवहादुर
तस्य पत्नी रत्नकुमारी तस्या भर्तु ज्येष्ट भगिनी
नारांदेवी प्रभृति सकल जनपरिवारस्य धर्म्म
चित्तेन तत् पुत्र विश्नुवहादुर नाम्ना सिंहसत
ल, मणिडरेचतुष्कोणेषु सुवर्ण लेपित अग्नि
ज्वालामुखसिंह निर्म्माय प्रीत्यर्थ स्थापितम् ४

एतत् पुरायेन जगत संसार उद्धार कामनार्थम् ॥
यतो धर्म्म ततो जय ॥ शुभम् **वायव्य**

## परिशिष्ट ३

श्री
श्री हरि कृशणाय ॥
श्री ५ सर्कारको जय ॥ श्री ३ सर्कारकी जय ॥
अद्यत्यादि ॥ ॥ शुभ संवत् १९८६ साल
श्रावणकृष्णचतुर्थी वृहस्पतिवार एतत् दिने ॥
काष्टमण्डपस्थानेवस्थित दिवंगत साहु हर्षना
रान् मानन्धर तस्य ज्येष्ट पत्नी मयजुलक्ष्मी
द्वितीय पत्नी सजीव मानिथकुं तृतीय पत्नी दि
वंगत गणेशकुमारी तस्या पुत्री सजीव जोग
माया तस्या पुत्र दिवंगत विश्नुवहादुर तस्य
नाम्ना ॥ ॥ दानपति सजीव काष्टमण्डप भ्कोछे ला
यकुसावस्थित साहुनी जोगमाया मानन्धरी त
स्या पुत्र पत्नी हिरामाया तस्या पुत्र कृश्नवहादुर
तस्य पत्नी रत्नकुमारी तस्या भर्तु ज्येष्ट भगिनी
नारांदेवी प्रभृति सकल जन परिवारस्य धर्म्म
चित्तेन तत् पुत्र विश्नुवहादुर नाम्ना सिंहसत
ल, मणिडरेचतुष्कोणेषु सुवर्ण लेपित गज
केशर निर्म्माय प्रीत्यर्थ स्थापितम् ॥२॥
एतत् पुरायेन जगत संसार उद्धार कामनार्थम् ॥
यतो धर्म्म ततो जय ॥ शुभम् ॥ **ईशान**



## परिशिष्ट ४

श्री
श्री हरि कृश्नाय ॥
श्री ५ सर्कारको जय ॥ श्री ३ सर्कारकी जय ॥
अद्यत्यादि ॥ ॥ शुभ संवत् १९८६ साल
श्रावणकृष्णचतुर्थी वृहस्पतिवार एतत् दिने ॥
काष्टमण्डपस्थानेवस्थित दिवंगत साहु हर्षना
रान् मानन्धर तस्य ज्येष्ट पत्नी मयजुलक्ष्मी
द्वितीय पत्नी सजीव मानिथकुं तृतीय पत्नी
दिवंगत गणेशकुमारी तस्या पुत्री सजीव जोग
माया तस्या पुत्र दिवंगत विश्नु वहादुर तस्य
नाम्ना ॥ ॥ दानपति सजीव काष्टमण्डप भ्कोछे ला
यकुसावस्थित साहुनी जोगमाया मानन्धरी त
स्या पुत्र पत्नी हिरामाया तस्या पुत्र कृश्न वहादुर त
स्य पत्नी रत्नकुमारी तस्या भर्तु ज्येष्ट भगिनी नारां



देवी प्रभृति सकल जन परिवारस्य धर्म्मचित्ते
न तत् पुत्र विश्नु वहादुर नाम्ना सिंहसतल
मणिडरेचतुष्कोणेषु सुवर्ण लेपित सार्दूल नि
र्म्माय प्रीत्यर्थ स्थापितम् ॥३॥
एतत् पुरायेन जगत संसार उद्धार कामनार्थम् ॥
यतो धर्म्म ततो जय ॥ शुभम् **आग्नेय**

**परिशिष्ट ५**

१९८१ साल
श्री ५ सर्कार तर्फ गुठी लगत जा(?) अडा
काठमाडौं सींह सतल गुठीकों
आम्दानी खर्चको कीताप

उप्रान्त काठमाडौ सींहसतल गुठीको लगत खडागर्नालाई मीसील हेर्दा सो गुठीको साहु कुवेरसीं मानंधरका नाउमा भयाको १९४२ साल असाड वदी ४ रोज ४ को लालमोहर मा काठमाडौ सींह सतल भत्की बीग्री रहयाको मा मेरा दाजु स (सा?) हु हर्षनारानले आफ्ना घर घरानाबाट षर्च लगाई जगदेषी उठाई नैमा (?) बनाई सो सतलमा श्री नारायणसमेत स्थापना गऱ्याको हुनाले सो सतलका तपसील वमोजिंका पसल १८कोवाल वर्ष १ को मोरु २२२ अघी देखि हामीले उठाई धर्म चलाई आया वमोजीं सालवसाल उठाई सो वालका रुपैयाले सेस वाकी कट्टी नराषी काठमाडौ श्री गणेशको र सो सतलमा स्थापना गऱ्याका श्री नारायणको र श्री गणेशको समेत तपसीलमा लेषिया वमोजिं नीत्य नैमीत्यक पुजा र पर्व पर्वका पुजा औ पुजाहारी चीताई दार तहलुवाहरू समेतको वाली समेत तपसिलका दर्ले दी षर्च गरी आयाको हुनाले सोही तपसीलमा लेषािया वमोजिं सालवसाल धर्म चलाउन लाउनु भन्या मेरा नाउँमा लालमोहर गरी दीनु भन्या हुकुं भै जमे चाहीन्या सनद पत्र भैसक्याको छ मेरा नाउमा लालमोहर भयाको छैन लालमोहर गरीवक्स्या हुंदो हो भनि तीमीले श्री ३ महाराज र श्री कम्यान्डर ईन चीफ् मार्फत हाम्रा हजुरमा वींती पार्दा काठमाडौ सीहसतल भत्की वीग्री रहयाकोमा तीम्रा दाजु साहु हर्षनारांले आफ्ना घरघरानावाट षर्च लगाई जगदेषी उठाई नैमा (?) बनाई सो सो सतलमाश्री नारायणसमेत थापना गरेको हुनाले सो सतलमा तपसील वमोजिंका पसल १८ को वाहाल वर्ष १ को मोरु २२२ अघीदेखि तीमीहरूले उठाई धर्म चलाई आयावमोजिं साल वसाल वाल उठाई सो वालका रुपैयाले सेस वाकी कटी नराषी काठमाडौ श्री गणेशको र सो सतलमा थापना गऱ्याको श्री नारायणको र श्री गणेशको समेत तपसीलमा लेषिया वमोजिं नीत्य नैमीत्यक पुजा र पर्व पर्वका पुजा औ पुजाहारी चीताईदार तहलुवाहरुस्मेतके वाली स्मेत तपसीलका दर्ले षर्च गरी आयाको हुनाले सो तपसीलमा लेषिया वमोजिं साल वसाल धर्म चलाउनु वाल वढ्यो भन्या बढेजति वाल जगेरा राषनु लेखियाका लगतमा नघटाउनु लेषीया वमोजिं कट्टी नघटाई धर्म चलाई काम काज गरी आयासंम्म कटैबाट पक्राउ हुन्या र षारेज हुन्या छैन येस कामको वही पारी भयाको आम्दानी दवाई छपाई षायाको ठहऱ्यो भंन्या येस कामदेषि तीमीलाई वेतालुक गरी अैंवमोजिं सजायेस्मेत हुन्याछ भंन्या थीती वंदेजको लालमोहर गरी वक्स्यौं भंन्या लेषियाको र १९७६ मानंधरका नाउमा भयाको दृध्या (?) सनदमा काठमाडौं मदु टोलको सींह सतलमा जेठा वावा हर्षनारायरा स्थापनागरी सो सतलका कोठी पसलको वालले नीत्य नैमीत्यक पुजाआजा चलाउनु भंन्या वेहोराको तालुकदारीको लालमोहर केरा कांछा वावु साहु कुवेरसींका नाउमा गरी वक्स्याको हुनाले आजतक लालमोहर वमोजिं दरीयाको काम भंडर गछे (?) ले सकेको वढाई षर्च चलाई आयेकै छु नीज कांछा वावु कुवेरसीं परलोक भयाको हुनाले सो लालमोहर वावा मरेपछी अर्को सनद

गराउनु पर्छ भनि गुठी अडाले पक्राउ गरी रहेछ भनि सुव्वा गणेशदास मानंधरले हाम्रा हजरमा वीन्ती चधायाको हुनाले येस्मा नीज साहु कुवेरसींका नाउँमा गरीवक्स्याका तालुकदारका लालमोहर वमोजीं नीज सुव्वा गणेशदास मानंधरका नाउँमा सनदगरी दीनु लालमोहरीयावाला कुवेरसीं मऱ्यो भनि सो सतलका वारेका पक्राउ टंटा केही नगर्नु भंन्ये श्री ३ महाराजवाट हुकुम बक्सेको छ भनि प्रमांगी वृ. कर्णेल डलबहादुर वस्न्यात् क्षेत्रीले सहीछाप गरेको प्रमांगी आयाको र कुवेरसींका नाउँमा भयाका लालमोहरमा षर्च संम्म मा फाट षुलेको आम्दानीमा पसल १८ को वाल रु २२२ भनि फाट नषुलेको र षर्चमा २२२ नै लेषी फाट षुलायाको हुनाले आम्दानीको स्मेत् फाट खुलाई लगत लेउँ भनि सुव्वा गणेशदास संग लगत लीयामा आम्दानी ज्मामा लगत वमोजिं चीव (?) भं (?) पसल १८ भयाकोमा पसल १७ मात्र भयाको भै राकाले (?) सोधनी गरेमा टुल्सी रत्नमांका वीचको सानु पसल ह्याषी (?) टुल्सीरत्न मां कै पसलमा थपी तेस्को वाल स्मेत सोही टुल्सी रत्नमां लाई गवाई दीयाको छ भनि कागत लेषिदियाको आम्दानीमा घटी नभयाको र सो सींह सतल घर ज्मै गुठीको सर्कारी भयाको हुनाले तीमीले दीयाका लगत वमोजिंको आम्दानी तपसीलको मोहररु २२२। साल वसाल उठाई सो वालका रुपैयाले सेस वाकी कटी नराषी तपसील मै लेषिया वमोजिं मोरु २२२। काठमाडौ श्री गणेशको र सो सतलमा स्थापना गरेका श्री नारायण श्री गणेशको स्मेत तपसील मा लेषिये वमोजीं नित्यनैमीत्यक का पुजाआजा पुजाहारी चीताईदार तहलुवास्मेतके वाली स्मेत के तपसील्का दर्ले सालवसाल धर्म चलाउँनु वाल वढ्यो भने वढेजति वाल जगेरा राषनु लेषियाका लगतमा नघटाउँनु लेषिया वमोजिं कट्टी नघटाई धर्म चलाई काम काज गरी आयासंम कटैबाट पक्राउ हुने र षारेज हुने छैन येस कामको वही पनि बुझाउँनु पर्दैन लेषिया वमोजिं धर्म चलाई र घटी वधी परी भयाको आम्दानी दवाई छपाई षायाको ठहऱ्यो भने येस काम देषी तीमीलाई वेतालुक गरी अैं वमोजिं सजाये स्मेत हुनेछ भंन्ये सुव्वा गणेशदास मानंधरका ज्यूताभरलाई नीजका नाउँमा रुक्का दसषतको सनदगरी वक्सनु पर्ने ठहराञ्युं जो मर्जी हुकुम भनि श्री ५ सर्कारतर्फ गुठी वंन्दोवस्त अडाका ना. सुव्वा भगवतलाल मुखिया रेवंन्त मान्सीहरुले हाम्रा हजुरमा वीन्ती पार्दा जाहेर भयो तसर्थ सो ठहरायाको हामीवाट सदर गरी वक्सेको छ सो वमोजिं गर्ने कांगर भंन्या लेषियाको नीज गणेशदास सुव्वाले दीयाको १९९१ साल वैशाक ३१ गते १ को आम्दानी षर्चको लगतमा आम्दानीमा सोही रुक्का सनदमा लेषियावमोजिं पसल १७ को वाहाल रु २२२। षर्च मा मोरु ५६८।७८ भनि फाजील षर्च मोरु ३४६।७८ पर्ने गरी दीयाको हुनाले सोही लगत वमोजिं षर्चको दरवंदी गरीदिनु भंन्या लेषियाको हुनाले आम्दानीमा लालमोहर रुक्का वमोजिंम नै मीलान गरी दीयापछी षर्चमा मात्र सो लालमोहर रुक्का सनद भंदा वढी दरवंन्दी गरी दीन मुनासीव नभयेको र भत्केविग्रेको व नाउँ (न?) लाई कसर जगेडा राषनालाई पनि भयेका रुक्का सनदमा सेस वाकी कट्टी नराषी तपसीलमा लेषियावमोजिं मोरु २२२। नै षर्च गर्नु वाहाल वडे जगेरा राषनु भंन्ये लेषियाको ले रुक्का सनदमा लेषियाको षर्च रुपैयामा घटाई जगेरा राषने भंन पनि मुनासीव नपरी सो रुक्का सनदमा लेषिया वमोजिं आम्दानी षर्चको लगत कीताप षडागरी सो वमोजीं षर्च गरे नगरेको जाचनु भनि गुठी जाच अडालाई स्मेत अडैको पुर्जी गरी दीये हुने हुँदा सो रुक्का सनदवमोजिं लगत खडागरी दीनालाई जाहेर गरी रहनु नपर्ने स्मेत भै अडैवाट लगत कीताप षडागरी श्री ५ सर्कारतर्फ गुठी वंन्दोवस्तमा बुझाउने षरीदार डीर्घमान जोसी यठखा. मुखिया रामवाहादुर श्रेष्ठ छेत्रपाटी वमोजिं तपसील.........

तपसील

| | असामी | पसल | ताके वाल मोरु |
|---|---|---|---|
| १ नं. | सानु मान | १ | ८/६८ |
| २ नं. | पुर्णमान श्रेष्ठ | १ | १४/१२ |
| ३ नं. | कृष्नमां वनीया झोछे | १ | १४/१२ |
| ४ नं. | कुलरत्न मुनी झोछे | १ | ८/६९ |
| ५ नं. | कासीलाल | १ | ८/६९ |
| ६ नं. | कृष्न श्रेष्ठ | १ | १४/१२ |
| ७ नं. | तेजमान वनीया | १ | १४/१२ |
| ८ नं. | पुर्णवाहादुर श्रेष्ठ | १ | १४/१२ |
| ९ नं. | हरीलाल | १ | ८/६८/३ |
| १० नं. | मानकाजी श्रेष्ठ | १ | ८/६८/३ |
| ११ नं. | ज्यान वावु वराही | १ | १४/१२ |
| १२ नं. | डानवाहादुर मानंधर | १ | १४/१२ |
| १३ नं. | रत्नमान मानंधर | १ | ११/४१ |
| १४ नं. | टुल्सी मानंधर | १ | १६/८४ |
| १५ नं. | सुर्ज नारान | १ | १४/१२ |
| १६ नं. | लछुमान मानंधर | १ | १४/१२ |
| १७ नं. | मतन (?) को पसल मानं काजी श्रेष्ठ | १ | २३/२२/३. |
| | जम्मा | १७ | २२२/- |

तेमध्ये लालमोहर रुक्का वमोजिं षर्च मोरु २२२/-

सींहसतलका श्रीनारायण श्रीगणेशका पुजाके र पुजाहारी

चीताईदार तह लुवाहरूको वालि र अरु कां कां के स्मेत

नीत्य पुजा के अछेता फुल चंडन धुप दीप नैवडे समेतके दीं १ कै ॥ ले ११/२५ नित्य भजन आरती के तले

रोज १ के ले रु २२॥ तमाखु सुर्ती के रोज

१ के ॥ ले रु ५ ॥ पर्वपर्व के रु ॥ ज्मा रु २८ ॥। के २८/७५

वर्ष वंधनके होम जप पुजा पाठ गर्नाके नीजहरूलाई डछीना के स्मेत ४ । दीप माला के तेल मोरु २ । ब्राह्मण

भजनीयाहरू के भोजन गराउंनालाई रु १२ जमा १८ ॥ के १८/५०

कृस्नास्टमी के पुजामा सराजाम नैवद्य डीप माला तेल स्मेत को रु ८।

ऐं छैनी (?) के डीपमाला के तेल भोजन स्मेत के २३/५०

षांगी रु १०६।

पुजाहारी के ३४।

चीताइदारके ४२।

तहलुवा के ३०।

चटुरमास येकादसी पुजा ८ के ८।

मदु श्रीगणेशका पुजा के ६।

श्री नृत्यनाथका पुजा सराजाम वली भोजन साराजाम स्मेत के १२।

वाकी कसर (?) -

माथी लेषियाका पसल १७ र श्रीनारायण गणेश रहेको सींह सतल १

ईति संवत् १९९१ साल फागुण २७ गते शुम्भ


## परिशिष्ट ६

**शालिकमा कुँदिएको लेखोट**

दक्षिण फलकः श्री हरिकृष्ण शरणं दिवंग

उत्तर फलकः त साहु हर्षनारा

पूर्व फलकः न् सम्वत् १९८६ स मिति





## परिशिष्ट ७

....का.ई. मरुटोल वस्ने देवीदास मानंधर के यथोचीत उंप्रान्त काठमाडौ सींहसतल गुठी वाजे कुवेरसींका नार्उमा लालमोहर भै पायेको वाजे पछी वावु सुव्वा गणेशदास्का नार्उमा सनद भै पायेको वावु मरेकाले मैले चलाउने गरी पार्उ भने स्मेत सुव्वा गणेशदासको जेठा छोरा देवीदास मानंधरले वींती चढायेको वेहोरा हुँदा सो सींहसतल नीजका पुर्षाले बनाई गुठी राषेको हुनाले नीजका वावु वाजेहरूले पाई चलाई आये वमोजीं गुठीका चलार्उन पार्उने गरी नीज देवीदासलाई छुट दीन तालुक अडढा मार्फत जाहेर गरी नीकासा वकसे वमोजीं गर्नु भने स्मेत २००५/११/३/२ मा १ छापे वकस भै आई बुझ्दा पसलको वाल २२२।- वाट सो सतलमा स्थापना भयेका नारांको मरुटोल श्रीगणेश श्रीनीतयनाथको नीत्य नैमीत्यक पुजा षर्च जात्रा भोज स्मेत गर्ने चलार्उने गरी वर्ष १९४२ सालमा आषाड वदी ४ रोज ४ मा कुवेरसींका नार्उमा लालमोहर पायेको तेसपछ ७६/४/३/६ मा सनद भै सुवा गाणेशदासको ज्यूताभर पायेको र तोक सदर वमोजीं ज्मा पसल १७ को वाल ९४२/- मा खर्च ६२४/६८ कसर ३१७/३२ कायें भयेको भंने स्मेत येसै रीपोट्का वेहोरावाट देषीनाले नीकासाका हकमा माठी लेषी ये मुतावीक तोक सदर वमोजीं आम्दानी खर्च गरी कां चलाई कसर मोरु ३१७/३२ तीं सये सत्र रुपैया वतीस पैसा दरले साल वसाल श्री ५ सर्कार गुठी तहसीलमा बुझाई कुनै कीसींवाट धरम लोप नहुने गरी कां चलार्उनु भंने स्मेत वेहोरावाट देवीदास मानंधरका ज्यूताभरलाई सनद गरी दी छुट गुठीको लगतमा स्मेत जनार्उने भंने रीपोट जीकोर (?) मनासीव थहराञ्यूँ जो मर्ज्प हुकुं भनी नेपाल पाहाड रीपोट नीकसारी फाटले वोलेकोमा २००५/१२/२९मा श्री ३ महाराजको ठुलो छाप श्री मीनीष्टर याराड कम्यांडर ईन चीफ साहेवको वाहुली नीसाना लागी तोक सदर भै आयेकोले सो वमोजीं गर्ने काम गर भनी नीज देविदास्का नार्उमा यो सनद सदर गरीवकसनु परने थहराञ्यूँ जो मर्जी भनी श्री ५ सर्कार गुठी वंदोवस्त अडाका हाकीं कारींदाले हाम्रा हजुरमा वींती पारदा जाहेर भयो तसर्थ सो थहराये कोमा हामीवाट पनी सदर गरीवकसेको छ सो वमोजीं गर्ने कां गर

ईती संवत २००६ साल आषड गते रोज शुम्भ

## सन्दर्भ ग्रन्थ सूची

झा, उदय गोपाल ( वि.सं. २०७६), *सिंहसतलको श्रीकृष्ण,* महामना मालवीय मिशन ।

नेपाल देशको इतिहास (वि.सं. २०३१), *प्राचीन नेपाल,* संख्या २७, पृ. १-६२ ।

पंगेनी, भवेश्वर (वि.सं. २०६८), *नेपालको आर्थिक इतिहास आर्थिक प्रशासनका सन्दर्भमा साहु सुब्बा धर्मनारान,* धर्मनारान अध्ययन प्रतिष्ठान ।

रञ्जितकार, जुनु बासुकला (वि.सं. २०७८), 'मण्डपहरूको टोलबाट मरुटोल नामकरण', *हनूमान्ढोका स्मारिका २०७८,* पृ. ४२-४९ ।

वज्राचार्य, गौतमवज्र (वि.सं. २०३३), *हनूमान्ढोका राजदरबार,* नेपाल र एशियाली अध्ययन संस्थान ।

Coningham, R.A.E. and Acharya, K.P. and Davis, C.E. and Kunwar, R.B. and Simpson, I.A. and Schmidt, A. and Tremblay, J.C. (2016) 'Preliminary results of post-disaster archaeological investigations at the Kasthamandap and within Hanuman Dhoka, Kathmandu Valley UNESCO World Heritage Property (Nepal).', *Ancient Nepal.*, 191-192. pp. 28-51.

Korn, Wolfgang (1998). *The Traditional Architecture of the Kathmandu Valley*, Ratna Pustak Bhadar.

## कृतज्ञताज्ञापन

हनुमानढोका दरबार संरक्षण कार्यक्रम र वडा नं. २० को समन्वयमा काठमाडौँ महानगरपालिका वडा नं. २० को वडा प्रोफाइल बनाउनको लागि लेखकलाई जिम्मेवारी दिएको थियो । कोभिड महामारीको कारण सो प्रोफाइल बनाउने कार्य बीचमै स्थगित भएपनि हनुमानढोका दरबार संरक्षण कार्यक्रम परिवार र वडा नं. २० का वडाध्यक्ष राजेन्द्र मानन्धरले प्रोफाइलको जिम्मेवारी दिएको क्रममा यस सतलको अध्ययन गरेका थियौँ । सो अध्ययनका क्रममा सतलसँग सम्बन्धित अप्रकाशित दस्तावेजहरू अध्ययन गर्न मौका दिनुभएकी माधुरी मानन्धर, सतलको अवलोकन गर्न, फोटोहरू खिच्न, आवश्यक सूचनाहरू सहज रूपमा प्रदान गरिदिनु भएका हालको पुजारी उदयगोपाल झा र हनुमानढोका दरबार संरक्षण कार्यक्रमका इन्जिनीयर अमृत बज्राचार्यले सतलको जीर्णोद्धारको लागत खर्च उपलब्ध गराई दिनुभएकाले उहाँहरू प्रति आभार व्यक्त गर्दछु ।